म.जि.प्र.का.दर्ता नं.-११५

www.pradeshdaily.com

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# प्रदेश

Pradesh National Daily

राष्ट्रिय दैनिक

वर्ष: १५, अंक:-४९, २०८३ भाद्र १९ गते शुक्रबार (Friday, 4 Sep 2026), पृष्ठ-४, मूल्य रू.३/-

**बाढी र डुबान हुनुपूर्वको तयारी**

- नदीमा बढेको पानी, ड्याम र तटबन्धको अवस्थाको जानकारी लिऔं,
- घरबाट नजिक रहेको सबैभन्दा अग्लो ठाउँ, चौर र सार्वजनिक भवनबारे थाहा पाइराखौं,
- आपतकालिन अवस्थाका लागि खाद्यान्न तथा औषधीजन्य सामाग्री घरको अग्लो ठाउँमा राखौं,
- गाउँ, टोल, वडामा रबरका डुङ्गा, लाईफ ज्याकेट, डोरी, बाँस र प्राथमिक उपचारका सामाग्री तयारी अवस्थामा राखौं,
- बर्षायाममा सधै मोबाईलमा पर्याप्त ब्यालेन्स र ब्याट्री राखौं,
- बर्षा र बाढीको अवस्थाबारे टोल फ्रि नम्बर ११५५ वा सञ्चार माध्यमबाट जानकारी लिने गरौं,
- प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर राखौं, तत्काल सहायता चाहिएमा सम्पर्क गरौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

## यात्रुको सहजताका लागि हेटौंडामा निःशुल्क भोजन सेवा

♦ प्रदेश दैनिक

हेटौंडा/यात्रुको सजहताका लागि हेटौंडामा नि:शुल्क भोजन सेवा सुरु गरिएको छ ।

पूर्वपश्चिम राजमार्ग हुँदै तथा पृथ्वि राजमार्ग हुँदै यात्रा गर्ने यात्रुका लागि बिहीबारबाट हेटौंडामा नि:शुल्क भोजन सेवा सुरु गरिएको हो । नागरिक समाज मकवानपुरको आयोजनामा हेटौंडा १ स्थित भाटभटेनी अगाडि बिहिवार देखि नि:शुल्क भोजन वितरण सुरु गरिएको हो । सडक अवरोध, लामो दूरीको यात्रा तथा यात्राका क्रममा उत्पन्न भैरहेको विभिन्न समस्याबाट केही राहत दिने उद्देश्यका साथ भोजन सेवा सुरु गरिएको आयोजकले जनाएको छ । जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रमुख वसन्त अधिकारीले यात्रुहरुले भोग्नुपरेको समस्या देखेपछि नागरिक समाज मकवानपुरसँग छलफल गरी नि:शुल्क खानाको व्यवस्था मिलाइएको बताए । भोजन सेवा बिहान ११ बजेदेखि सञ्चालन गरिएको थियो ।



सेवा अन्तर्गत हरेक यात्रुसहित आवश्यक परेका व्यक्तिलाई प्राथमिकताका साथ भोजन सेवा उपलब्ध गराइनेछ । गैरसरकारी संस्था मकवानपुर अध्यक्ष र मिला सापकोटाकाले यात्राका क्रममा समस्यामा परेका नागरिकलाई केही राहत पुगोस् भन्ने उद्देश्यले सेवा सञ्चालन गरिएको बताइन् । सापकोटाको अनुसार हरेक दिन ४ सय जना यात्रुहरुलाई खाना खुवाउने नागरिक समाजको तयारी छ । नागरिक समाज मकवानपुरले हेटौंडामा आयोजना गरेको नि:शुल्क खानाको व्यवस्थाले केही राहत मिलेको यात्रुहरुको भनाई छ । खाना सेवामा हेटौंडा उपमहानगरपालिका र जिल्ला प्रशासन कार्यालय मकवानपुरले सहकार्य गरेको छ । आयोजकले भोजन आवश्यक पर्ने यात्रुहरूलाई सेवा लिन तथा अन्यलाई पनि यसबारे जानकारी गराइदिन आग्रह गरेको छ ।

अवस्था सहज नहुञ्जेलसम्मका लागि भोजन सेवा जारी रहने आयोजकले बताएको छ ।

## बाढी पीडितका लागि मउवा संघको ४८ लाखको राहत सहयोग

♦ प्रदेश दैनिक

हेटौंडा/भोटेकोशी बाढी प्रभावितका लागि जिल्लाको उद्योगी व्यवसायीको साझा संस्था मकवानपुर उद्योग वाणिज्य संघले ४८ लाख रुपैयाँ बराबरको राहत सामग्री हस्तान्तरण गरेको छ ।

बाढीबाट प्रभावित नागरिकको राहत तथा पुन:स्थापनाका लागि संघले ४८ लाख रुपैयाँ बराबरको राहत सामग्री उपलब्ध गराएको हो । बिहीबार संघले जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीमार्फत राहत सामग्री हस्तान्तरण गरेको हो । नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश र मकवानपुर उद्योग वाणिज्य संघ अन्तर्गत महिला उद्यमी विकास समितिको समन्वयमा भएको राहत संकलनमा सबैभन्दा धेरै कपडा तथा तयारी पोशाक व्यवसायी संघले २६ लाख २५ हजार रुपैयाँ बराबरको कपडा सामग्री सहयोग गरेका छन् । त्यसैगरी युनिलिभर नेपाल लिमिटेडले ४ लाख ७७ हजार ५ सय ९८ रुपैयाँ बराबरको साबुन, सरफ र दन्त मञ्जन, मकवानपुर भाँडा



व्यवसायी संघले १ लाख ४४ हजार ६ सय ५ बराबरको भाँडावर्तन र मकवानपुर अधिकृत विक्रेता व्यवसायी संघले ९१ हजार १०५ रुपैयाँको खाद्य तथा सरसफाई सामग्री सहयोग गरेको उद्योग वाणिज्य संघ मकवानपुरका अध्यक्ष प्रमोद सिंह रानाभाटले जानकारी दिए ।

उनका अनुसार सहयोग स्वरुप सेफ्टी हाइजिन प्रा.लि,.सुनचाँदी व्यवसायी संघ, ग्रिल तथा स्टिल व्यवसायी संघ, ग्याँस व्यवसायी संघ तथा हस्तकला व्यवसायी संघलगायत विभिन्न संघसंस्थाले सहयोग गरेका छन् । संघका अध्यक्ष रानाभाटले विपद्को कठिन घडीमा प्रभावित नागरिकहरूको राहत, उद्दार तथा पुन:स्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले राहत सामग्री उपलब्ध गराइएको बताए । 'हामीले यसअघि ५ लाख ५५ हजार ५५५ रुपैयाँ नगद पनि सहयोग गरिसकेका छौं', रानाभाटले भने, 'अहिले फेरि आवश्यकीय सामग्री उपलब्ध गराएका हौं । आगामी दिनमा पनि यस्तै सहयोग अभियान जारी रहनेछ ।'

उनले मानवीय संकटका बेला निजी क्षेत्र र व्यावसायिक संघ संस्थाहरूको सहकार्यले प्रभावित समुदायलाई राहत पुग्ने विश्वास व्यक्त गरे ।

## इन्द्रसरोवरमा मिनी ट्रक दुर्घटना, सहचालक बेपत्ता

♦ प्रदेश दैनिक

हेटौंडा/मकवानपुरको इन्द्रसरोवर गाउँपालिका २ बतासेडाँडामा मिनी ट्रक दुर्घटना हुँदा चालक घाइते भएका छन् भने सहचालक बेपत्ता भएका छन् ।

बिहीबार बिहान करिब ६ बजे हेटौंडाबाट दक्षिणकाली हुँदै काठमाडौं जाँदै गरेको प्रदेश ०३-०१-००३ क ५६०५ नम्बरको खाद्यान्न लोड गरेको मिनी ट्रक हेटौंडा-भीमफेदी-कुलेखानी-काठमाडौं सडकखण्ड अन्तर्गत बतासेडाँडामा सडकबाट करिब १०० मिटर तल खसेर दुर्घटना भएको हो । दुर्घटनाको खबर प्राप्त भएपछि प्रहरी चौकी खानीखेत र इलाका प्रहरी कार्यालय भीमफेदीबाट प्रहरी निरीक्षक सनम मल्लको कमाण्डमा ट्राफिकसहितको टोली घटनास्थलमा पुगेको थियो । प्रहरी टोलीले दुर्घटनामा घाइते भएका ट्रक



चालक धादिङको बेनिघाट रोराङ गाउँपालिका २ का करिब २६ वर्षीय पुष्पराज भुजेललाई उद्दार गरेको छ ।

उनको निधार, दाहिने हात तथा शरीरका विभिन्न भागमा चोट लागेको प्रहरीले जनाएको छ । घाइते भुजेलको अवस्था मध्यम रहेको र थप उपचारका लागि काठमाडौं पठाइएको छ । ट्रकमा चालकसँगै सोही स्थानका २१ वर्षीय सहचालक रमेश विक पनि रहेको खुलेको छ । दुर्घटनापछि सहचालक विक घटनास्थलमा फेला नपरेपछि प्रहरीले खोज तथा उद्दार कार्य जारी राखेको छ । दुर्घटनाको कारण बारे भने थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## गढीको एकघरमा आगलागी हुँदा २५ लाखको क्षति

♦ प्रदेश दैनिक

हेटौंडा/मकवानपुरको मकवानपुर गढी गाउँपालिका ४ ज्वालादेवीको एक घरमा आगलागी हुँदा करिब २५ लाख रुपैयाँ बराबरको क्षति भएको छ । मकवानपुरगढी ४ का इन्द्रबहादुर कठायतको इँटा र काठले बनेको जस्ताको छाना भएको २ कोठे कच्ची घरसँगै रहेको भान्साकोठामा आगलागी भएको हो । हेटौंडा उपमहानगरको दमकल तथा स्थानीयबासीको सहयोगमा आगो नियन्त्रणमा लिइएको थियो । आगलागीबाट घर तथा भान्साकोठा पूर्ण रूपमा जलेका छन् । पीडितका अनुसार लत्ताकपडा, भाँडावर्तन, काठपात, नगद ७० हजार रुपैयाँ, करिब ४ तोला सुन, डुक मोटर साइकल एक थान, फोटोग्राफीमा प्रयोग



हुने क्यामेरा एक थान र कम्प्युटरको पूर्ण सेट एक थान जलेर नष्ट भएको छ ।

पीडितको भनाइ अनुसार आगलागीबाट करिब २५ लाख रुपैयाँ बराबरको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ । घटनामा कुनै मानवीय तथा चौपाया क्षति भने भएको छैन । प्रहरीले विद्युतको करेन्ट सर्ट भएर आगलागी भएको हुन सक्ने प्रारम्भिक अनुमान गरेको छ । आगलागीपछि पीडित परिवार छिमेकीको घरमा बसेका छन् । घटना बारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

**कर्मचारी आवश्यकता**

यस **प्रदेश राष्ट्रिय दैनिक** पत्रिकाको लागि निम्न बमोजिम कर्मचारी आवश्यक परेको हुँदा इच्छुक व्यक्तिले तपशिलमा उल्लेखित सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

*पत्रिका वितरक: २ जना ।*

*बजार प्रतिनिधि: १ जना ।*

दैनिक प्रदेश

PRADESH DAILY NEWSPAPER

सम्पर्क नं.:

९८५५०८८१५१, ९८५५०८९८६६

दैनिक प्रदेश

PRADESH DAILY NEWSPAPER

समाचार तथा विज्ञापनको लागि

सम्पर्क नं. ९८५५०८८१५१



# सम्पादकीय

## राहत र सहयोगको सदुपयोग होस्

भोटेकोशीमा आएको विनाशकारी बाढीले ठूलो जनधनको क्षति पुऱ्याएपछि प्रभावित नागरिकको पीडामा मलम लगाउन देश तथा विदेशबाट सहयोग जुट्ने क्रम तीव्र बनेको छ । विपत्तिको समयमा मानवीय भावना प्रदर्शन गर्दै व्यक्ति, युवा समूह, सामाजिक संस्था, व्यवसायी, संघ संस्था तथा विदेशमा रहेका नेपालीसमेत राहत तथा सहयोग अभियानमा जुट्नु आफैंमा प्रशंसनीय कार्य हो । संकटमा परकालाई साथ दिन अघि सर्नु हाम्रो सामाजिक संस्कार र मानवीय दायित्व पनि हो । पछिल्लो समय विशेषगरी युवाहरू समूह बनाएर राहत संकलन, खाद्यान्न तथा अत्यावश्यक सामग्री जुटाउने र प्रभावित क्षेत्रमा पुऱ्याउने अभियानमा सक्रिय देखिएका छन् । यस्तो सक्रियताले विपद्को समयमा राज्यको प्रयासलाई समेत सहयोग पुऱ्याउँछ । तत्काल आवश्यक सामग्री उपलब्ध गराउन, पीडितको अवस्था बुझ्न र उनीहरूको मनोबल बढाउन यस्ता अभियानको महत्वपूर्ण भूमिका हुन्छ ।

तर सहयोग अभियान बढ्दै जाँदा एउटा स्वाभाविक प्रश्न पनि उठेको छ  संकलन भएको सहयोग वास्तविक पीडितसम्म पुगिरहेको छ कि छैन ? देश तथा विदेशबाट विश्वास गरेर दिइएको सहयोगको सही सदुपयोग हुन्छ कि हुँदैन भन्ने जिज्ञासा विभिन्न कोणबाट उठ्नु स्वाभाविक हो । किनभने विपत्तिको नाममा उठाइएको सहयोग पारदर्शी ढंगले परिचालन हुन सकेन भने पीडितको पीडामाथि अन्याय मात्र हुँदैन, भविष्यमा सहयोग गर्न चाहनेहरूको विश्वाससमेत कमजोर हुन सक्छ । त्यसैले राहत तथा सहयोग संकलन गर्ने व्यक्ति, युवा समूह, संस्था र सम्बन्धित निकायले प्राप्त सहयोगको स्पष्ट विवरण सार्वजनिक गर्न आवश्यक छ। कति रकम वा सामग्री संकलन भयो, कहाँबाट प्राप्त भयो, कहाँ र कसरी खर्च वा वितरण गरियो भन्ने जानकारी खुला रूपमा सार्वजनिक गरिनुपर्छ । राहत वितरणमा वास्तविक प्रभावित, विस्थापित, बालबालिका, ज्येष्ठ नागरिक तथा आर्थिक रूपमा कमजोर परिवारलाई प्राथमिकता दिनुपर्छ ।

सरकार तथा स्थानीय तहले पनि यस्ता अभियानलाई सहजीकरण गर्दै दोहोरो वितरण, अनावश्यक सामग्रीको थुप्रो र पहुँचका आधारमा राहत पाउने अवस्थाको अन्त्य गर्न समन्वयकारी भूमिका निर्वाह गर्नुपर्छ। सहयोग गर्नेहरूले पनि प्रचारभन्दा पीडितको आवश्यकता र प्राथमिकतालाई केन्द्रमा राख्न जरुरी छ । भोटेकोशी बाढीले दिएको पीडा ठूलो छ । यस्तो अवस्थामा उठेको प्रत्येक सहयोगको मूल्य छ । त्यसैले राहत संकलनमा इमानदारी, वितरणमा निष्पक्षता र व्यवस्थापनमा पारदर्शिता अपरिहार्य छ । विपत्तिमा देखिएको मानवीय एकता कुनै विवाद वा अविश्वासको कारण नबनोस् । देश तथा विदेशबाट जुटिरहेको सहयोग वास्तविक पीडितको जीवन सहज बनाउन प्रभावकारी रूपमा प्रयोग होस् । यही नै अहिलेको साझा अपेक्षा र शुभकामना हो ।

### जरुरी टेलिफोन नम्बरहरु

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०८६७ |
| मनहरी इलाका: | ६२५०९९ |
| फापरबारी इलाका: | ६२११८० |
| भीमफेदी इलाका: | ६२१८६२ |
| बारुणयन्त्र | ५२०६७७/१०१ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस | ५२०७११ |
| पद्मपोखरी एम्बुलेन्स: | ९८४५१८६०३१ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२२७५७२ |
| हेटौंडा अस्पताल | ५२०३०५ |
| परिवार नियोजन संघ | ५२०७८५ |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८४५०२८०५० |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९९८ |
| सिभिल बाल हेल्पलाइन | १०९८ |

### आजको राशीफल

| | |
|---|---|
| मेष : | डर चिन्ता |
| वृष : | धन लाभ |
| मिथुन : | खर्च बढ्ने |
| कर्कट: | अपव्यय |
| सिंह : | मित्र भेट |
| कन्या : | प्रेममा सफलता |
| तुला : | सन्तान सुख |
| वृश्चिक : | पढाईमा रुची |
| धनु : | समयले साथ दिने |
| मकर : | व्यवसायमा लाभ |
| कुम्भ : | शत्रु नाश |
| मीन : | धामिर्क रुची |

*तपाईको आजको दिन शुभ रहोस् ॥*

# मधेशले बुझ्नुपर्ने हिमाल



चन्द्रकिशोर

विश्लेषक चन्द्रकिशोर कान्तिपुरका नियमित स्तम्भकार हुन्। उनी मधेश, राजनीति र सीमान्तकृत समुदाय लगायत विषयमा लेख्छन्।



*मधेशले हिमाललाई केवल टाढाको पहाडका रूपमा होइन, आफ्नै जीवनको माथिल्लो अध्यायका रूपमा बुझ्नुपर्ने बेला आएको छ । र, हिमालले पनि मधेशलाई केवल पानी बगेर जाने समतलका रूपमा होइन, त्यही जलचक्रको अन्तिम मानवीय साक्षीका रूपमा हेर्नुपर्छ ।*

नारायणी नदी किनारका तराईका बासिन्दाहरू नदी हेरेर भन्छन्, 'पानी फेरिएको छ ।' उनीहरूले नदीलाई केवल देख्दैनन्, महसुस गर्छन् । पानीको रंग अलिकति गाढा भएको छ । बहावको आवाज फरक भएको छ । किनारमा पानीको फैलावट सामान्य छैन । माथिबाट एउटा रुखको हाँगा आयो । त्यसपछि प्लास्टिकको ड्रम । कतैबाट घरको काठ पनि आइपुग्यो । यी अलग-अलग वस्तु होइन । गाउँको अनुभवी आँखाका लागि यी सबै मिलेर एउटा वाक्य बनाउँछन्, 'माथि कुनै बस्तीमा पानी पसेछ ।' उसका लागि नदी केवल पानी होइन । नदीले पहाडको खबर लिएर आउँछ । तराईमा नदी बगिरहेको मात्र हुँदैन । कुनै दिन ऊ आफ्नो साथमा पहाडको अलिकति भाग पनि लिएर आइरहेको हुन्छ । हिमालय प्राय: तराईबाट देखिँदैन । तर कुनै दिन नदीको रंग गाढा हुन्छ र तराईले पानीभित्रै हिमालय देख्छ । बाढीको कथा नदीको पानीमा मात्र लेखिएको हुँदैन ।

कहिलेकाहीं त्यसमा तैरिरहेका वस्तुहरूमा लेखिएको हुन्छ । नदीले पानी बगाउँछ, तर पानीसँगै मानिसको जीवनका साना-साना प्रमाणहरू पनि बगाएर ल्याउँछ । नदीसँगै बाँच्ने समाजले नदीको भाषा सिकेको हुन्छ । तराईको किसानसँग जलविज्ञानको डिग्री नहुन सक्छ । तर उसको आँखामा नदीको लामो अभिलेख हुन्छ । उसले सामान्य अवस्थामा बगिरहेको नदीको पानी देखेको छ । बाढीको पानी देखेको छ । पहिरोपछि आएको पानी देखेको छ । ठूलो पानीपछि बाँकी रहेको गाद देखेको छ । त्यसैले कुनै बूढो किसानले पानी हेरेर 'यो हिजोको पानी होइन' भन्यो भने त्यसलाई केवल गाउँलेको अनुमान भनेर पन्छाउन मिल्दैन । यो पुस्तौंको अवलोकनबाट बनेको ज्ञान हो । परम्परागत ज्ञानको एउटा अर्थ यही हो, नदीको वर्तमान हेरेर भविष्यको संकेत बुझ्ने क्षमता । तर प्रश्न यहाँबाट सुरु हुन्छ । यदि नदी किनारको मानिसले पानीको रंग, चाल र तैरिएका वस्तुबाट विपत्तिको संकेत पढ्न सक्छ भने हाम्रो आधुनिक विपद् सूचना प्रणालीले किन त्यो संकेतलाई अझ छिटो र अझ विश्वसनीय रूपमा गाउँसम्म पुऱ्याउन सक्दैन ?

यतिबेला हिमालयमा जे भइरहेको छ, त्यसको बेचैनी तराईमा पनि महसुस भइरहेको छ । गाउँमा खबर पहिले आउँछ कि पानी पहिले आइपुग्छ ? नारायणी नदीका अभियन्ता बृजराज कुशवाहा (५५) ले यस पटक भोटेकोशी महाबाढीको खबर नदी हेरेर पाएनन् । उनले सामाजिक सञ्जालबाट थाहा पाए । यो कुरा सामान्य लाग्न सक्छ । तर नदीको तल्लो तटीय भूभागमा बस्ने मानिसका लागि यसमा एउटा प्रश्न लुकेको छ । पहिला-पहिला यस्तो खबर रेडियोबाट आउँथ्यो । कतिपय अवस्थामा रेडियोले खबर दिनुअघि नै बाढी गाउँ पसिसकेको हुन्थ्यो । त्यसपछि मानिसलाई थाहा हुन्थ्यो- माथि कतै ठूलो पानी परेको रहेछ । आज सामाजिक सञ्जालले केही मिनेटमा खबर ल्याइदिन्छ । तर नदी किनारको घरसम्म त्यो सूचना समयमै, बुझिने भाषामा र अब के गर्ने भन्ने स्पष्टतासहित पुग्नु अर्कै कुरा हो । बाढीको चेतावनीको वास्तविक मूल्य त्यसलाई जारी गर्नुमा मात्र होइन, समयमै पुऱ्याउनुमा हुन्छ । विपद्को सूचना पनि नदीको बहाव जस्तै हुनुपर्छ । माथिबाट तलसम्म छिटो र अवरोधरहित । नदीहरू एकअर्कासँग जोडिँदै जान्छन् । भोटेकोशी त्रिशूली हुँदै नारायणीमा मिसिन्छ ।

नारायणी नदीको दक्षिणतर्फको यात्रामा सुस्ता-५ को थारू टोल आउँछ । नदीको अन्तिम बिन्दुतिर रहेको यो बस्ती अहिले नदीसँग एउटा कठिन सम्झौता गरि रहेको छ । यस पटक कटान रोकिएको छैन । बृजराजको चिन्ता एउटै छ, 'नदी तीव्र गतिमा गाउँतर्फ बढिरह्यो भने थारू टोल नदीमै हराउन सक्छ ।' बस्ती नै भूगोलबाट हराउने डर छ । नारायणीबाट जोगाउन विभिन्न ठाउँमा तटबन्ध बनाइएका छन् । नदी नियन्त्रणका प्राविधिक प्रयास पनि भएका छन् । जहाँ सुरक्षा संरचना पुगेका छन्, त्यहाँ पनि प्रश्न सकिएको छैन । जहाँ संरचना पुगेका छैनन्, त्यहाँ प्रश्न अझ ठूलो छ । नारायणी-गण्डक किनारमा बस्नेहरूका लागि डुबान, कटान र विस्थापन नयाँ कथा होइन । पछिल्लो आधा शताब्दीमा यस क्षेत्रका धेरै परिवारले यही चक्र भोगेका छन् । एक पटक बाढी आयो भने घर डुब्छ । कटान भयो भने खेत जान्छ । खेत गएपछि रोजगारीको खोजीमा मानिस बाहिरिन्छ । घरको ठाउँमा फेरि घर बनाउनुपर्छ । र, अर्को बर्खामा फेरि नदीलाई हेर्नुपर्छ । सरकारी भाषामा यी अलग-अलग घटना हुन सक्छन् । तर मानिसको जीवनमा यी एउटै निरन्तर कथा हुन् । डुबान, कटान र विस्थापन- एउटै वाक्यका तीन शब्द ।

नवलपरासी पश्चिम, प्रतापपुर गाउँपालिकाका प्रेमचन्द गुप्ता सुनाउँछन्, 'हाम्रो स्मृतिमा गण्डकको विभिन्न रूप छ । कहिले खुसी, कहिले दु:ख ।' उनको कथनमा दशकौंको नदीमा इतिहास अटेको छ । गण्डकले कहिले उर्वर माटो दिएको छ । कहिले खेत बगाएको छ । कहिले पानी जीवन बनेर आएको छ । कहिले त्यही पानी मृत्युको डर बनेर । नदीसँग बस्ने मानिस नदीलाई एउटै अर्थमा परिभाषित गर्दैन । नदी उसका लागि न केवल वरदान हो, न केवल विपत्ति । नारायणीको जलाधार क्षेत्रमा भारी वर्षा भएको खबर आयो भने तल्लो क्षेत्रमा बस्ने मानिसको मनमा चिसो पस्न थाल्छ । यो डर अन्धविश्वासबाट जन्मिएको होइन । यो स्मृतिबाट जन्मिएको हो । उसले पहिले देखेको छ, माथि पानी परेको थियो, नदी बढेको थियो । तटबन्ध भत्किएको थियो । घर डुबेको थियो । खेत कटान भएको थियो । त्यसैले उसलाई थाहा छ, माथिको पानी तलको जीवनसँग जोडिएको छ । जलविज्ञानले यसलाई 'अपस्ट्रिम-डाउनस्ट्रिम' सम्बन्ध भन्छ । सीमावर्तीले यसलाई अर्को भाषामा बुझ्छन्, 'माथि के भयो ?' यसमा उसको सम्पूर्ण विपद् चेतना अटेको हुन्छ ।

नदीका लागि पहाड र तराई दुई अलग जल भूगोल होइनन् । एउटै नदी प्रणाली हुन् । नेपालमा माथितिर कुनै नदीको जलस्तर तीव्र रूपमा बढ्यो भने तल सीमाछेउमा बस्नेहरू पनि त्यसको प्रभावको प्रतीक्षा गर्न थाल्छन् । त्यो उसको खेत, घर र परिवारको सुरक्षाको प्रश्न बन्छ । माथि र तल बस्नेले नदीलाई अलग -अलग देख्दैनन् । हामीले केवल नदीलाई कसरी उपयोग गर्ने भन्ने तय गरेर पुग्दैन । नदीको जोखिमको सूचना कसरी साझा गर्ने ? कसरी समयमै तयार गर्ने ? स्थानीय ज्ञानलाई पूर्वसूचना प्रणालीसँग कसरी जोड्ने ? यी प्रश्न पनि नदी व्यवस्थापनकै हिस्सा हुन् । जलवायु परिवर्तनले अनिश्चितता अझ बढाइरहेको छ । अब आउने समयको हिमाली विपत्तिलाई केवल 'एक पटक' भनेर बुझेर पुग्दैन । हिमनदीको परिवर्तन, हिउँ र चट्टानको अस्थिरता, पहिरो, हिमताल र बदलिँदो मनसुन- यी सबै एकअर्कासँग जोडिएका छन् । हामीले हिमालयलाई केवल उचाइबाट होइन, जलप्रवाहको निरन्तरताबाट बुझ्नुपर्छ । तराईलाई प्राय: 'डाउनस्ट्रिम' क्षेत्रका रूपमा हेरिन्छ । तर तराई केवल तलको भूभाग होइन । यो नेपालको सम्पूर्ण जल प्रणालीको अन्तिम नागरिक भूगोल हो । हिमालयमा जे हुन्छ, प्रकारान्तरमा त्यसको असर तराईमा देखिन्छ ।

तराईका बासिन्दाहरूको स्थानीय ज्ञान, नदीको स्मृति र बाढीका पुराना बाटाहरूको अनुभव कुनै सरकारी फाइलभन्दा कम महत्त्वपूर्ण छैनन् । नदी व्यवस्थापनलाई केवल इन्जिनियरिङको विषय बनाएर पुग्दैन । यो सामाजिक न्यायको विषय पनि हो । कुन बस्तीको आवाज निर्णयकर्तासम्म पुग्छ ? कुन बस्तीको पीडा बाढी सकिएपछि सरकारी तथ्यांकमा हराउँछ ? यी प्रश्नले नदीलाई विकास र सामाजिक न्यायसँग जोड्छन् । हिमालयमा हुँदै गरेका प्राकृतिक चक्रलाई हामी प्राय: प्राविधिक शब्दमा बोल्छौं । नदी किनारमा बस्नेले यसलाई अर्को भाषामा बुझ्न सक्छ- 'हिमतालहरू हिमालयका घाउ हुन् ।' माथिको घाउको पीडा तलसम्म आउन सक्छ । हिमालयको कुनै घाउ फुट्दा त्यसको पानीले पहाड मात्र भिजाउँदैन । हिमाल, पहाड र समतलमा बस्नेहरूको नियति एउटै जलप्रवाहले जोडिएका छन् । हामीले हिमालयलाई माथिको भूगोल र तराईलाई तलको भूगोल मानेर धेरै लामो समय बितायौं । अब यसलाई एउटै नदी-सभ्यताको भूगोलका रूपमा हेर्नुपर्ने बेला आएको छ । नदीले हामीलाई धेरै अघि नै जोडिसकेको छ । अब हाम्रो राजनीतिले त्यो जोडिएको भूगोललाई स्वीकार गर्ने पालो हो ।

प्रेमचन्द गुप्ताले भनेको 'गण्डकका विभिन्न रूप' लाई हामीले गम्भीरतापूर्वक लिनुपर्छ । नदीको पनि स्मृति हुन्छ । तर त्यो स्मृति नदीले होइन, नदी किनारमा बस्ने मानिसले बोकेको हुन्छ । उसले सम्झन्छ- कुन साल बाढी आयो ? बाढी कहाँबाट पस्छ, कुन ठाउँ कमजोर छ, पानी कति बढ्दा खतरा हुन्छ ? कुन वर्ष तटबन्ध फुट्यो ? कुन खेत गयो ? कुन परिवार विस्थापित भयो ? कुन ठाउँमा नयाँ बालुवा थुप्रियो ? कुन धार फेरियो ? सरकारी अभिलेखमा यी कुरा तथ्यांक हुन सक्छन् । तर मानिसको स्मृतिमा ती जीवनका अध्याय हुन् । विपद् व्यवस्थापनले यदि यी स्मृतिलाई आफ्नो ज्ञानको हिस्सा बनाउन सकेन भने उसले नदीको आधा कथा मात्र पढिरहेको हुन्छ । हिमालय टुट्दा तराई किन डराउँछ ? नक्सामा टाढा होला । नदीमा छैन । हिमालयको पानी-माटो तराईसम्म आउँछ । हिमालयको अस्थिरता पनि नदीसँगै तल आउन सक्छ । त्यसैले तराईको डरलाई 'तलको भू-भागको डर' भनेर सानो बनाउन मिल्दैन । यो नेपालको सम्पूर्ण जल प्रणालीको डर हो । हामीले तराईको डरलाई हिमालयसम्म पुऱ्याउने व्यवस्था कहिले बनाउने ? किनकि नदीले आृनो खबर बोकेर तल आउन छाड्ने छैन । हामीले त्यो खबर समयमै सुन्न सिक्नुपर्छ । पानीले खतरा ल्याउँदा सूचना कसरी बाँड्ने ? अब नदीलाई विकासको स्रोत मात्र होइन, जोखिमको वाहकका रूपमा पनि बुझ्नुपर्छ ।

हिमालयमा भइरहेको परिवर्तन नदी किनारमा बस्ने नागरिकको जीवनको विषय हो । हामीले नदीमाथि पुल बनायौं । बाँध बनायौं । तटबन्ध बनायौं । नदीलाई नियन्त्रण गर्ने धेरै प्रयास गऱ्यौं । तर अब अर्को काम गर्नुपर्ने बेला आएको छ- हिमाललाई सुन्ने । किनकि हिमालले हामीलाई पाठ पढाइरहेको छ । राज्यको सीमा हिम-प्रलयले मान्दैन । महाबाढीको जोखिम पनि सीमा मान्दैन । अबको प्रश्न हो- नदीको जोखिम कसले साझा गर्ने हिमाल र मधेशलाई हामीले लामो समयदेखि उचाइ र समतल, स्रोत र उपभोग, माथि र तलका रूपमा बुझ्दै आयौं । तर नदीले हामीलाई यसभन्दा पृथक् सत्य सम्झाइरहेको छ, भूगोललाई नक्साले विभाजित गर्न सक्छ, पानीको नियतिलाई सक्दैन । हिमालयमा परेको वर्षा, पग्लिएको हिउँ वा माथिल्लो भूभागमा भएको कुनै आकस्मिक परिवर्तन अन्तत: मधेशको खेत, बस्ती र मानिसको जीवनमा सुनिन्छ । त्यसैले मधेशले हिमाललाई केवल टाढाको पहाडका रूपमा होइन, आृनै जीवनको माथिल्लो अध्यायका रूपमा बुझ्नुपर्ने बेला आएको छ । र, हिमालले पनि मधेशलाई केवल पानी बगेर जाने समतलका रूपमा होइन, त्यही जलचक्रको अन्तिम मानवीय साक्षीका रूपमा हेर्नुपर्छ ।

नदीले जोडिसकेको अभिन्नतालाई हाम्रो राजनीति, हाम्रो विकास र हाम्रो छिमेकी सम्बन्धमा अनूदित गर्ने र सामञ्जस्य गर्नुको विकल्प छैन । नक्साले सीमा कोर्छ, नदीले नियति जोड्छ । हिमालको स्वास्थ्यबिना मधेश सुरक्षित हुन सक्दैन र मधेशको पीडाबिना हिमालको कथा पूरा हुँदैन । प्रकृतिले बारम्बार हामीलाई हाम्रो कृत्रिम सीमाभन्दा बाहिरको सत्य सम्झाइरहनेछ ।

*साभार : इकान्तिपुर*

# कर्जा चुक्ता गर्न आउने बारेको ३५ (पैतिस) दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०५/१९ (प्रदेश राष्ट्रिय दैनिक)

यस आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट धितो तथा सामूहिक जमानीमा आधारित कर्जा कारोबार गरी वित्तीय संस्थाको नियमानुसार मासिक रुपमा साँवा ब्याज बुझाँउनु पर्नेमा बिगत लामो समय देखि कर्जाको किस्ता (साँवा ब्याज) तिर्न आलटाल गरेको, पटक पटक मौखिक तथा लिखितरुपमा तरताकेता गर्दा समेत कर्जा तिर्न तर्फ कुनै चासो नदिएको, नेपाल राष्ट्र बैंकको नियमानुसार शंकास्पद/खराव वर्गमा कर्जाको वर्गीकरण भएको, कर्जा लिँदाको बखतमा यस वित्तीय संस्थासँग गरेको लिखत तमसुकको शर्तबन्देजको उल्लंघन गरेको हुँदा तपसिलमा उल्लेखित तपाई ऋणी तथा एकल/धनजमानीकर्ताहरु लाई यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क गरी आफ्नो तिर्नु बुझाँउनु पर्ने सम्पूर्ण (साँवा, ब्याज र हर्जाना ब्याज) रकम तिर्नु बुझाँउनु हुन जानकारी गराईन्छ । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३, नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका ईजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन-२०८२ र वित्तीय संस्थाको कर्जा असुली नीति-२०८० बमोजिम थप असुली प्रकृया अवलम्बन गर्नुका साथै यसै सूचनालाई आधारमानी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३ बमोजिम सामूहिक जमानीमा आधारित कर्जाको हकमा जग्गा जमिन रोक्का राख्नुका साथै धितोमा आधारित कर्जाको हकमा नियमानुसार धितो लिलामी गरी असुलउपर गरिने तथा नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका ईजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन-२०८२ को निर्देशन नं. ११(२) बमोजिम तपाई ऋणी तथा एकल/धनजमानीकर्ताहरु लाई कालोसूचीमा राख्न कर्जा सूचना केन्द्रमा लेखि पठाईने भएकोले यसबाट ऋणी तथा एकल/धनजमानीकर्ताहरु लाई पर्न जाने असुविधा प्रति वित्तीय संस्था जवाफदेही नहुने र असुली प्रकृया अवलम्बन गर्दा लागेको सम्पूर्ण खर्च रकम समेत सम्बन्धित ऋणीबाट नै असुल उपर गरिने ब्यहोरा जानकारी गर्दछौं ।

## ऋणी तथा एकल/धनजमानीकर्ताहरुको नाम, थर, ठेगाना, नागरिकता प्रमाणपत्र नं. तथा धितोमा रहेको जग्गाको विवरण

### शाखा कार्यालय : वाणगंगा, कपिलवस्तु

१. ऋणीको नाम : शुसिला काफ्ले, पिता/पतिको नाम : नारायण प्रशाद भट्टराई, बाजे/ससुराको नाम : तेज प्रसाद भट्टराई, स्थायी ठेगाना : माकर-४, नवलपरासी, ना.प्र.नं. : ३६३०५५/१२८९, कर्जाको शीर्षक : लघुउद्यम
धनजमानीको नाम : नारायण प्रशाद भट्टराई, पिता/पतिको नाम : तेज प्रसाद भट्टराई, बाजे/ससुराको नाम : मनुराम भट्टराई, स्थायी ठेगाना : बुटवल-८, रुपन्देही, ना.प्र.नं. : ९६६०

२. ऋणीको नाम : श्रीमती मनकली गिरी, पिता/पतिको नाम : श्री चेतमान गिरी, बाजे/ससुराको नाम : चुडामणी गिरी, स्थायी ठेगाना : ढिकुरा-६, अ.खाँ., ना.प्र.नं. : १४५०/२३९३, कर्जाको शीर्षक : साधारण

३. ऋणीको नाम : बसन्ता गिरी कार्की, पिता/पतिको नाम : कर्णराज कार्की, बाजे/ससुराको नाम : गणेश बहादुर कार्की, स्थायी ठेगाना : बाणगंगा-८, कपिलबस्तु, ना.प्र.नं. : ३८-०६-७३-०१२१४, कर्जाको शीर्षक : साधारण

४. ऋणीको नाम : मीरा सुनार, पिता/पतिको नाम : वलिराम सुनार, बाजे/ससुराको नाम : देवे सुनार, स्थायी ठेगाना : रुद्रपुर-६, रुपन्देही, ना.प्र.नं. : ३७३०३७/१२७३, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : वलिराम सुनार, पिता/पतिको नाम : देवे सुनार, स्थायी ठेगाना : रुद्रपुर-६, रुपन्देही, ना.प्र.नं. : १६८०४

५. ऋणीको नाम : ज्योती खत्री, पिता/पतिको नाम : लोक बहादुर खत्री क्षेत्री, बाजे/ससुराको नाम : रोम बहादुर खत्री क्षेत्री, स्थायी ठेगाना : कोपवा-५, कपिलबस्तु, ना.प्र.नं. : २/०९/६०९५०, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : चन्द्र वहादुर वि.क., पिता/पतिको नाम : कृष्ण वहादुर टोटो, बाजे/ससुराको नाम : लाल सिंह टोटो, स्थायी ठेगाना : कोपवा-७, कपिलबस्तु, ना.प्र.नं. : ३८३०२१/४५६
२.धनजमानीको नाम : मिरा वि.क., पिता/पतिको नाम : चन्द्र बहादुर वि.क., बाजे/ससुराको नाम : कृष्ण बहादुर टोटो, स्थायी ठेगाना : चिदिका-७, अर्घाखाँची, ना.प्र.नं. : ४०१००१/७६३

६. ऋणीको नाम : देवि श्रेष्ठ, पिता/पतिको नाम : कृष्ण प्रसाद श्रेष्ठ, बाजे/ससुराको नाम : रमेश कुमार श्रेष्ठ, स्थायी ठेगाना : जयनगर-५, क.व, ना.प्र.नं. : ३८१०५०/८३३, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : कृष्ण प्रसाद श्रेष्ठ, पिता/पतिको नाम : रमेश कुमार श्रेष्ठ, स्थायी ठेगाना : बुद्धभुमी-२, कपिलबस्तु, ना.प्र.नं. : २९००७

७. ऋणीको नाम : द्रोपदी सुनार, पिता/पतिको नाम : डम्मर सिंह सुनार, बाजे/ससुराको नाम : लाली सुनार, स्थायी ठेगाना : जयनगर-७, कपिलवस्तु, ना.प्र.नं.. : ३८स१३/८९३, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : डम्वर सिंह सुनार, पिता/पतिको नाम : लाली सुनार, बाजे/ससुराको नाम : जसे सुनार, स्थायी ठेगाना : जयनगर-७, कपिलवस्तु, ना.प्र.नं. : ३८५६६५

८. ऋणीको नाम : गोमा देबि गुरु□, पिता/पतिको नाम : यम बहादुर गुरु□, बाजे/ससुराको नाम : जित बहादुर गुरु□, स्थायी ठेगाना : धनगढी-१, कैलाली, ना.प्र.नं. : ३४२३२ कर्जाको शीर्षक : साधारण

९. ऋणीको नाम : गुडवा अहिरनी, पिता/पतिको नाम : कपिल अहिर, बाजे/ससुराको नाम : बाबुराम अहिर, स्थायी ठेगाना : महुवा-८, कपिलवस्तु, ना.प्र.नं. : ७-६२(रा.), कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : कपिल अहिर, पिता/पतिको नाम : बाबुराम अहिर, स्थायी ठेगाना : बुद्धभुमी-६, कपिलवस्तु, ना.प्र.नं. : ११९२-१७५

१०. ऋणीको नाम : राजमति अहिर, पिता/पतिको नाम : पुजारी यादब, बाजे/ससुराको नाम : कल्लु अहिर, स्थायी ठेगाना : बुद्धभुमी-८, कपिलवस्तु, ना.प्र.नं. : ३८-०१-७५-०२१४०, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : पुजारी यादव, पिता/पतिको नाम : कल्लु अहिर, स्थायी ठेगाना : हरिहरपुर-५, कपिलवस्तु, ना.प्र.नं. : ३८.०१.०६८.१६७२६.

११. ऋणीको नाम : गिता वि.क., पिता/पतिको नाम : देव बहादुर विश्वकर्मा, बाजे/ससुराको नाम : धनराज कामी, स्थायी ठेगाना : गजेहडा-३, क.व., ना.प्र.नं. : १/०८/७७४८८, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : देव बहादुर विश्वकर्मा, पिता/पतिको नाम : धन राज कामी, स्थायी ठेगाना : गजेहडा-३, क.व., ना.प्र.नं. : १६२२७
२.धनजमानीको नाम : लक्ष्मी सेन, पिता/पतिको नाम : राजु सेन, स्थायी ठेगाना : वाणगंगा-७, कपिलवस्तु, ना.प्र.नं. : ३१८६६

१२. ऋणीको नाम : गंगा थारु (कुर्मी), पिता/पतिको नाम : शत्रुधन कुर्मी (चौधरी), बाजे/ससुराको नाम : हरि प्रसाद कुर्मी, स्थायी ठेगाना : वाणगंगा-११, क.व., ना.प्र.नं. : ३८-२-७३/३११, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : शत्रुधन कुर्मी (चौधरी), पिता/पतिको नाम : हरि प्रसाद कुर्मी, स्थायी ठेगाना : वाणगंगा-११, कपिलवस्तु, ना.प्र.नं. : ३८-०१-७२-०१६७४

१३. ऋणीको नाम : सपना गन्धर्व, पिता/पतिको नाम : राज कुमार गन्धर्व, बाजे/ससुराको नाम : प्रेमलाल गाइने, स्थायी ठेगाना : कोपवा-८, कपिलवस्तु, ना.प्र.नं. : ३८१०२१/३५३४६, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : राजकुमार गन्धर्व, पिता/पतिको नाम : प्रेमलाल गाइने, बाजे/ससुराको नाम : कृष्ण गाइने, स्थायी ठेगाना : कोपवा-८, कपिलवस्तु, ना.प्र.नं. : ३८-२/०९/७६८४७

१४. ऋणीको नाम : उषा सुनार, पिता/पतिको नाम : विजय वहादुर सुनार, बाजे/ससुराको नाम : तिल वहादुर सुनार, स्थायी ठेगाना : जयनगर-७, कपिलवस्तु, ना.प्र.नं. : ३-११-६४८२३, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : विजय वहादुर सुनार, पिता/पतिको नाम : तिल वहादुर सुनार,बाजे/ससुराको नाम : बादे सुनार, स्थायी ठेगाना : जयनगर-७, कपिलवस्तु, ना.प्र.नं. : २७८६३

### शाखा कार्यालय : बस्तिपुर, मकवानपुर

१५. ऋणीको नाम : विष्णु माया जिम्बा, पिता/पतिको नाम : राम लाल जिम्बा, बाजे/ससुराको नाम : सेते जिम्वा, स्थायी ठेगाना : हाँडिखोला-७, मकवानपुर, ना.प्र.नं. : ३११०२०/४९५२९, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : सुस्मीता जिम्वा, पिता/पतिको नाम : राम लाल जिम्बा, बाजे/ससुराको नाम : सेते जिम्वा, स्थायी ठेगाना : मनहरी-४, मकवानपुर, ना.प्र.नं. : ३१-०१-८१-०१७७७

१६. ऋणीको नाम : जनकी लामा, पिता/पतिको नाम : विकास लामा, बाजे/ससुराको नाम : विरमान लामा, स्थायी ठेगाना : पदमपोखरी-४, मकवानपुर, ना.प्र.नं. : ३११०२१/६८७२५, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : विकास लामा, पिता/पतिको नाम : विरमान लामा, स्थायी ठेगाना : पदमपोखरी-४, मकवानपुर, ना.प्र.नं. : ३११०२१/४५५०८
२.धनजमानीको नाम : सम्झना तामाङ, पिता/पतिको नाम : जय बहादुर तामाङ, स्थायी ठेगाना : लिखु-६, नुवाकोट, ना.प्र.नं. : २५-०१-७०-१२२२८

### शाखा कार्यालय : औरही, धनुषा

१७. ऋणीको नाम : बेबी देवी ठाकुर, पिता/पतिको नाम : मगनु ठाकुर, बाजे/ससुराको नाम : सिद्धेश्वर ठाकुर, स्थायी ठेगाना : धमौरा-६, महोत्तरी, ना.प्र.नं. : १८-३-०४२/१६८६, कर्जा शिर्षक : साधारण
धनजमानीको नाम : सुमिन्त्रा देवी, पिता/पतिको नाम : जमुना प्रसाद राउत, स्थायी ठेगाना : घोडघास-३, धनुषा, ना.प्र.नं. : १७३०८२/२३६

१८. ऋणीको नाम : रधिया देवी, पिता/पतिको नाम : शिव नाथ महतो, बाजे/ससुराको नाम : परमेश्वर महतो, स्थायी ठेगाना : घोडघास-४, धनुषा, ना.प्र.नं. : १७३०८२/७६०, कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : पंकज महतो, पिता/पतिको नाम : शिव नाथ महतो, बाजे/ससुराको नाम : परमेश्वर महतो, स्थायी ठेगाना : नगराइन-९, धनुषा, ना.प्र.नं. : १७-०१-७७-१४१०१

१९. ऋणीको नाम : पुकारी देवी, पिता/पतिको नाम : राम स्वार्थ मंडल, बाजे/ससुराको नाम : बुधन मंडल, स्थायी ठेगाना : धोडघास-४, धनुषा, ना.प्र.नं. : ३२६९१११८, कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : राम स्वार्थ मंडले, पिता/पतिको नाम : बधन मंडल, बाजे/ससुराको नाम : सन्त मंडल, स्थायी ठेगाना : धोडघास-४, धनुषा, ना.प्र.नं. : ३२६९१२०७

२०. ऋणीको नाम : सुलेखा देवी मण्डल, पिता/पतिको नाम : सुनिल मण्डल, बाजे/ससुराको नाम : बिन्देश्वर मण्डल, स्थायी ठेगाना : घोडघास-४, धनुषा, ना.प्र.नं. : १७३०८२/१५२, कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : राज कुमारी मण्डल, पिता/पतिको नाम : बिन्देश्वर मण्डल, स्थायी ठेगाना : घोडघास-४, धनुषा, ना.प्र.नं. : १७-०१-७३-०१९९७

२१. ऋणीको नाम : ललिता देवी मंडल, पिता/पतिको नाम : रित लाल मण्डल, बाजे/ससुराको नाम : खखन मंडल, स्थायी ठेगाना : घोडघास-३, धनुषा, ना.प्र.नं. : १७३२६२९०८२, कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : दुलारी देवी, पिता/पतिको नाम : राम स्वार्थ मण्डल, स्थायी ठेगाना : नगराईन-९, धनुषा, ना.प्र.नं. : १७३०८२/४३२

